☎ ०७८-४१०००७
ईमेल : lsbmadhyabindu@gmail.com

मध्यविन्दु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
# पशु सेवा शाखा
चोर्मारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं. : ०७५/०७६
च.नं. :

मिति: २०७५/११/२६

---

## ब्यावसायिक फार्म प्रवर्द्धन कार्यक्रममा प्रस्ताव आव्हानको सूचना

मध्यबिन्दु नगरपालिका पशु सेवा शाखाको आ.व. २०७५/७६ को वार्षिक नगरस्तरीय पशु सेवा कार्यक्रम अनुसार तपशिलको शिर्षकहरुमा अनुदान बितरण गर्ने कार्यक्रम रहेको हुदा मध्यबिन्दु नगरपालिका भित्र वसोवास गरेका ईच्छुक ब्यावसायिक गाईभैसीपालक कृषकहरुबाट प्रस्ताव पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक ब्यावसायिक गाईभैसीपालक कृषकहरुले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिल अनुसारका कागजातहरु संलग्न राखी पशु सेवा शाखामा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

तपशिल

| क्र.सं. | संचालन हुने कार्यकमहरु | संख्या |
|---|---|---|
| १ | साना तथा मझौला फार्मलाई ५० प्रतिशत अनुदानमा काउ म्याट बितरण | ४० वटा |
| २ | साना तथा मझौला फार्मलाई ५० प्रतिशत अनुदानमा ब्हिल ब्यारो बितरण | १० वटा |
| ३ | साना तथा मझौला फार्मलाई ५० प्रतिशत अनुदानमा च्याफकटर बितरण | ३ वटा |

**ब्यावसायिक फार्म प्रवर्द्धन कार्यक्रममा छनौट हुन न्युनतम मापदण्डहरु**

१. कार्यक्रममा छनौट हुनको लागि सम्वन्धित सरकारी निकायमा दर्ता भएको हुनुपर्नेछ ।
२. ब्यावसायिक गाईभैसीपालन फार्ममा कम्तिमा ५ वटा माउ गाई वा भैसी हुनुपर्नेछ ।
३. कुनै एक जना आवेदकले एक भन्दा बढि कार्यक्रममा प्रस्ताव पेश गर्न सक्नुहुनेछ । तर निजलाई एक भन्दा बढि कार्यक्रममा अनुदानको लागि छनौट गरिनेछैन ।

<u>तपसिल</u>

१. मध्यबिन्दु नगरपालिकामा रु १०० राजस्व तिरेको रसिद
२. तोकिएको आवेदन फारम
३. तोकिएको संक्षिप्त कार्ययोजना
४. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
५. फार्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि
६. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, शैक्षिक योग्यता आदिका प्रतिलिपिहरु)
७. बैदेशिक रोजगारीबाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि
८. कार्यकमको लागी छनौट भएमा कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धता पत्र
९. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र

२०७५/११/२६
कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

नोट : थप जानकारीको लागि मध्यविन्दु नगरपालिका, पशु सेवा शाखामा सम्पर्क गर्नुहोला । सम्पर्कको लागि शाखाको टेलिफोन नं. ०७८- ४१०००७ रहेको जानकारी गराईन्छ ।